उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६९१९२७

पत्र संख्या: २०८०।८१
च.नं. ५४१

मिति: २०८०।०९।१६

विषय: प्रस्ताव सहित निवेदन पेश गर्ने सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय सबै,
उमाकुण्ड गाउँपालिका ।

प्रस्तुत विषयमा गाउँ शिक्षा समितिको मिति २०८०।०९।११ गतेको निर्णयानुसार विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत (संघिय सरकार) को तपसिल बमोजिमका कार्यक्रमहरु वितरणका लागि विद्यालय छनौट गर्नुपर्ने भएकोले हालसम्म गाउँपालिकाबाट उपलब्ध भएका कार्यक्रमसँग दोहोरो नपर्ने गरी इच्छुक विद्यालयहरुले देहायमा उल्लेखित व्यहोरा र कागजातहरु समेत संलग्न राखी आजको मितिले १५ दिन भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा प्रस्ताव सहित निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपसिल:

| क्र.स. | कार्यक्रम | निवेदन दिन पाइने विद्यालयहरु | निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन - फर्निसिङ, किताब खरिद र इ-पुस्तकालय समेत | माध्यमिक विद्यालय/आधारभूत विद्यालय (१-८) | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र ।<br>२. पुस्तकालय स्थापनाका लागि कक्षाकोठाको व्यवस्था गर्ने प्रतिवद्धता सहित विव्यसबाट निर्णय भएको निर्णयको प्रतिलिपी ।<br>३.. पुस्तक खरिद र फर्निसिङ व्यवस्थापनको कार्ययोजना सहितको प्रस्ताव<br>४. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धता सहित वडा कार्यालयको सिफारिस । | यस भन्दा अघि यो कार्यक्रम प्राप्त भएको विद्यालयले प्रस्ताव पेश गर्न पाइने छैन । |
| २ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगाशाला अनुदान | माध्यमिक विद्यालय/आधारभूत विद्यालय (१-८) | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र ।<br>२. विज्ञान प्रयोगशाला स्थापनाका लागि कक्षाकोठाको व्यवस्था गर्ने प्रतिवद्धता सहित विव्यसबाट निर्णय भएको निर्णयको प्रतिलिपी ।<br>३. विज्ञान विषयको शिक्षक भएको र निजले प्रयोगशालामा उपलब्ध सामग्रीहरु विद्यार्थीलाई प्रयोगात्मक गराउन सक्ने व्यहोरा खुलेको विषय शिक्षकको पत्र ।<br>४. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धता सहित वडा कार्यालयको सिफारिस । | यस भन्दा अघि यो कार्यक्रम प्राप्त भएको विद्यालयले प्रस्ताव पेश गर्न पाइने छैन । |

रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत

उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९१९२७

पत्र संख्या: २०८०।८१
च.नं ४५२

मिति: २०८०।०९।१६

विषय: जानकारी सम्बन्धमा ।

श्री सामुदायिक विद्यलाय सबै,
उमाकुण्ड गाउँपालिका ।

प्रस्तुत विषयमा गाउँ शिक्षा समितिको मिति २०८०।०९।११ गतेको बैठकको निर्णयानुसार उमाकुण्ड गाउँपालिका वडा नं ४ प्रितीमा हुने गईरहेको एघारौं रामेछाप जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८० पुस २१, २२ र २३ गते हुने भएकोले २२ र २३ गते गाउँपालिका भित्रको सम्पूर्ण सामुदायिक विद्यालय विदा गरी उक्त अवधिको पठनपाठन मिति २०८० पुस २७ र २८ गते गर्नु गराउनु हुने सम्बन्धित सम्पूर्ण विद्यालयलाई जानकारी गराइन्छ ।

............................
रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत

रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत

# उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९१९२७

पत्र संख्या: २०८०।८१
च.नं ५९३

मिति: २०८०।०९।१६

विषय: नियुक्ती पत्र लिने आउने सम्बन्धमा ।

प्रस्तुत विषयमा गाउँ शिक्षा समितिको मिति २०८०।०९।११ गतेको बैठकको निर्णयानुसार उमाकुण्ड गाउँपालिका भित्रको सामुदायिक विद्यालय तथा सामुदायिक सिकाई केन्द्रहरुको आ.व. २०७९।८० को लेखापरीक्षण गर्न यस कार्यालयमा आशयपत्र पेश गरेका लेखापरीक्षकहरुलाई विद्यालयमा लेखापरीक्षण गर्न सिफारिस गरिएको हुँदा लेखापरीक्षक स्वंयम कार्यालयमा उपस्थित भई मिति २०८० पुस २४ गतेभित्र नियुक्ती पत्र बुझिलिई मिति २०८० माघ १६ गतेभित्र तोकिएको विद्यालयको लेखापरीक्षण कार्य सम्पन्न गरी शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु हुन अनुरोध गरिन्छ ।

............................
रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत

रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत